# इन्द्रबहादुर राईका कथामा पर्यावरण र संस्कृतिको सम्बन्ध

- **डा सपन प्रधान**
नेपाली विभाग, खरसाङ महाविद्यालय

**सार** – 'इन्द्र बहादुर राई (इबरा)-का कथामा पर्यावरण र संस्कृतिको सम्बन्ध' शीर्षक प्रस्तुत लेख इबराका कथामा प्रयुक्त पर्यावरण र संस्कृतिबिच सम्बन्धको अध्ययनमा केन्द्रित छ। कथाकार इबराका आलोच्य कथाहरूमा चित्रित पात्र र प्रकृतिबिचको सम्बन्धलाई कसरी उद्घाटन गरिएको छ भन्ने देखाउँदै परम्परागत लोकसंस्कृतिले पर्यावरण सन्तुलन कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने सत्यापन गर्नु यस लेखको उद्देश्य हो। परम्परागत चिन्तन, विश्वास तथा धार्मिक प्रथाहरू वातावरणसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्धित हुने गर्दछन्। इबराका कथामा पात्रका रूपमा पाइने नदी, डाँडाकाँडा र वन जङ्गललाई देवी देवतासँग जोडेर पुज्ने परम्पराले ती प्राकृतिक स्रोतहरूको संरक्षण साथै यी परम्पराले पात्रलाई प्रकृतिप्रति संवेदनशील बनाएको पाइन्छ। यसमा इबराका विवेच्य कथाहरूको पर्यावरण सन्तुलन र लोकसांस्कृतिक मान्यताका आधारमा विश्लेषण गरिएको छ। नेपाली लोकजीवन एवम् पारिस्थितिकी, पर्यावरण संरक्षणसँग सम्बन्धित परम्परा, लोक आस्था र पर्यावरण, प्रकृतिसित सम्बन्धित लोक मान्यता जस्ता पक्षलाई विश्लेषणका आधार मानेर पात्रको कार्यका साक्ष्यमा उक्त विषयको प्रतिपादन भएको छ भन्ने निष्कर्ष निकालिएको छ।

**बीज शब्द -** पर्यावरण, लोकसंस्कृति, लोकजीवन, परम्परा, प्रकृति।

## १ प्रस्तावना

कुनै पनि जातीय समूहका जीवन यापन प्रक्रिया आआफ्ना प्रकारले परम्परागत हुने गर्दछन्। त्यस प्रक्रिया अनुरूप नै तिनीहरूको संस्कारगत जीवन पनि सामान्यतासित चलेको हुँदछ। यहाँ तिनीहरू भन्नाले 'लोक' भन्ने बुझ्नु पर्दछ। हाम्रा जीवनशैलीमा बसेका कुरा नै हाम्रो लोक हो। परम्परा, विश्वास र मान्यतामा बसेका सबै विषय लोक हुन्। लोकको सामान्य जीवनशैलीगत प्रक्रिया नै लोकसंस्कृति हो। लोकसंस्कृति कुनै जाति, समुदाय वा समाजको परम्परा, रहनसहन, विश्वास, रीतिरिवाज, भाषा, लोककथा, गीत, नृत्य आदि तत्त्वहरूको समष्टि हो। यी तत्त्वहरू समाजका भौगोलिक अवस्थिति, प्राकृतिक स्रोत साधन र वातावरणसँग घनिष्ठ रूपले जोडिएका हुन्छन्।

मानिस जुन समाज र परिवेशमा बाँच्दछ, त्यो नै उसको पर्यावरण हो। पर्यावरणले लोकसंस्कृतिका विकासमा प्रत्यक्ष प्रभाव पार्दछ। कुनै क्षेत्रमा पाइने वनस्पति, जनावर, नदी, पहाड आदिले त्यहाँका मानिसहरूको जीवनशैली, कला, वेश भूषा, आहार विहार र धार्मिक विश्वासहरूलाई आकार दिने काम गर्दछन्। लोकसंस्कृतिले पर्यावरण संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्दछ। लोकजीवनमा प्रचलित रुखलाई पूजा गर्ने, नदीलाई देवीका रूपमा मान्ने परम्पराहरूले जैविक विविधताको संरक्षणमा सहयोग पुऱ्याउँदै आएका छन्।

लोकसंस्कृति र पर्यावरण एकाअर्कामा परस्पर आश्रित छन्। यसैले पर्यावरण र संस्कृतिका सम्बन्धलाई सांस्कृतिक पारिस्थितिकी भनिन्छ। पर्यावरण प्रदूषण प्राणी जगत्का लागि आज सबैभन्दा धेरै चिन्ताको विषय भएको छ। पर्यावरण तथा प्रकृति सङ्कटको यस समयमा लोकसंस्कृतिले पर्यावरण सुरक्षाका लागि महत्त्वपूर्ण भूमिका लिन

सक्ने छन् भन्ने मान्न सकिन्छ। प्रस्तुत लेखमा साहित्यका माध्यमद्वारा पर्यावरण संरक्षणमा लोकसंस्कृतिले गरेको प्रतिरक्षात्मक भूमिकाको विश्लेषण गर्ने काम इबराको कथाका आधारमा गरिएको छ।

## २ कथाकार इन्द्रबहादुर राई

इन्द्रबहादुर राईको जन्म ३ फरवरी, १९२७-मा खरसाङ महकुमाको बालासन चियाबारीमा सोमबारका दिन भएको हो। नेपाली समाजमा साहित्य साधक र चिन्तक, राजनीतिक मर्मज्ञ, कुशल प्राज्ञ साथै नेपाली भाषा आन्दोलनको सङ्ग्रामी भनी उनका नाम आदरसँग लिइने गरिन्छ। उनले 'साहित्य र राजनीति दुवैलाई गोर्खा जातित्व चेतबाट पल्हाएका पालुवा र पाटा' मान्थे। विद्यार्थी जीवनदेखि नै साहित्यमा कलम चलाउँदै आएका इबराले आख्यान, समालोचना, निबन्ध, नाटक र दैनिकी जस्ता विधाहरूमा अत्यन्त जिम्मेदारीसित कलम चलाएर नेपाली साहित्यमा योगदान दिएका छन्। उनी सिर्जनशील स्रष्टा  लगायत आयामिक आन्दोलन (इ सं १९६३) र लीला लेखन (इ सं १९७७) जस्ता दुईवटा बौद्धिक साहित्यिक आन्दोलनका प्रणेता पनि हुन्। निबन्ध विधाबाट साहित्य लेखनको प्रारम्भ गरेका इबराका **विपना कतिपय** (प्रकृत यथार्थपरक, इ सं १९६१), **कथास्था** (आयामिक आस्थापरक, इ सं १९७२), **कठपुतलीको मन** (लीला लेखनगत, इ सं १९८९) र **आज रमिता छ** (विसङ्गति चेतनापरक, इ सं १९६४) गरी जम्मा चारवटा मौलिक आख्यानात्मक कृति प्रकाशित छन्। यसबाहेक उनका **झ्याल**, **समकालीन साहित्य** (वर्ष ८, अङ्क १, पूर्णाङ्क, १९९७) र **अनुवाद प्रतिनिधि कथा** (इ सं २०११)-मा दुईवटा कथा र 'निष्काम' शीर्षक भएको **इन्द्र सम्पूर्ण** (खण्ड ६, इ सं २०२२)-मा २९ पृष्ठको अधुरो उपन्यास प्रकाशित छन्।

'बिना कामको एउटै शब्द र बिना अर्थको एउटै पङ्क्ति नलेख्ने; एकेक शब्द र पङ्क्ति होसियारी र उत्तरदायित्वसित लेख्ने गम्भीर व्यक्ति भएकाले' राजनारायण प्रधानले उनका हरेक पङ्क्ति आदरपूर्वक पढिन्छ भनेका छन्। एकातिर इबरा प्रखर बुद्धि र चिन्तनशील प्रतिभा त थिए नै तर कहिलेकहीँ उनका आफ्नै धारणा आपस्तमा बाझेको पनि पाउन सकिन्छ। 'वास्तविकता भन्दा ठुलो साहित्य छैन' भन्ने इबराले 'साहित्य जीवनकै बराबरी हो' भनेका छन्। साहित्य र जीवनलाई उनी बराबर ढङ्गमा हेर्दै 'जीवनलाई पक्रेर लेखेका कृतिको व्याख्या गर्न वादहरूलाई सयौँ वर्ष लाग्छ र पनि सक्दैनन्। जीवनलाई व्यक्त गर्न 'वाद' आवश्यक पर्छ तर वादभित्र रहेर पनि जीवन लेख्न सक्नुपर्छ' भनेका छन्। यद्यपि वास्तविकता, जीवन र साहित्यबिचका विभिन्न दर्शन उनका आख्यानको विशिष्ट पक्ष हो।

इबरा प्रयोगवादी कथाकार हुन्। प्रयोगका दृष्टिले यिनका तीनवटै कथा सङ्ग्रहमा भिन्न भिन्न जीवनदृष्टि र नवीन शैलीगत विशेषता पाइन्छन्। जीवनलाई केन्द्रका रूपमा राखेर सामाजिक-सांस्कृतिक पक्षहरूको चित्रण गर्ने काम उनका कथाहरूले गरेका छन्। धेरैजसो कथामा दार्जिलिङका बजार, बस्ती-गाउँ, चियाबारीका परिवेश पाइन्छन्। यी कथाहरू आञ्चलिक र स्थानीय संरचनाका छन्। प्रथम चरणका कथाबाहेक दोस्रो र तेस्रो चरणका यिनका केही कथाहरू बौद्धिक, क्लिष्ट साथै कथा र निबन्धबिचको अवान्तर संरचनाका छन्।

## ३ पर्यावरण र लोकसंस्कृतिको सम्बन्ध

मानव जुन समाज र परिवेशमा बाँच्दछ, त्यो नै उसको पर्यावरण हो। पर्यावरणमा हावा, पानी, माटो, रुख बिरुवादेखि लिएर सबैभन्दा साना र सबैभन्दा ठुला प्राणीहरू र मानव स्वयम् त्यहाँ रहन्छन्। यी सबैबिच पारस्परिक सम्बन्ध हुन्छ। 'पर्यावरण' शब्दले 'परि' अर्थात् चारैतिर, र 'आवरण' अर्थात् घेरेको वा ढाकिएको भन्ने अर्थ दिन्छ। मानिसबाहेक उसका वरिपरि जे जे छन्, ती सबै उसको पर्यावरण हो।

पर्यावरण र मानव जातिबिचको सम्बन्ध सृष्टिकालदेखि रहँदै आएको छ। पर्यावरण र जीवबिचका सम्बन्धको यसै अध्ययनलाई परिवेश विमर्श भनिन्छ। परिवेश विमर्श अङ्ग्रेजी 'इकलजी' शब्दको नेपाली रूपान्तरण हो र यो

शब्द ग्रिक् भाषाको 'ओइकोस लोगोस्' दुईवटा शब्दका योगबाट बनेको छ। नेत्र एटमले 'ओइकोस्'-को अर्थ 'घर' अनि 'लोगोस्'-को अर्थ 'अध्ययन' हुन्छ भनी उल्लेख गरेका छन् (एटम, वि सं २०७०, पृ-१७२)। यस अनुसार इकलजीको अर्थ 'घर वा आवासको अध्ययन' भन्ने बुझिन्छ।

साहित्यिक विमर्शमा पारिस्थितिकी चिन्तन एउटा नवीन विचारधारा हो। साहित्यमा प्रकृति अध्ययनका निम्ति विभिन्न पदावलीहरूको त्यस्ता प्रयोग भेटिन्छन्। ग्लोटफेल्टी (इ सं १९९६)-ले समालोचनाको अघिल्तिर 'इकउ' उपसर्ग जोड्न चाहेका छन् जुन उपयुक्त मानिएको छ। इकलजी शब्दले प्रकृति र संस्कृतिलाई अन्योन्याश्रित रूपले हेर्ने काम गर्दछ। पारिस्थितिकीले मनुष्य र पर्यावरणबिच सहअस्तित्व र सहजीवनमा जोड दिने गर्दछ। पर्यावरण र संस्कृतिका सम्बन्धको अध्ययनका निम्ति सांस्कृतिक पारिस्थितिकीको नयाँ सिद्धान्त देखापरिरहेछ। सांस्कृतिक पारिस्थितिकी भन्नाले वातावरण र संस्कृतिको अन्तर्सम्बन्ध बुझिन्छ। जुलियन स्टिवर्डले सबैभन्दा पहिला वातावरण र संस्कृतिमाझ सम्बन्धका अध्ययनको अवधारणा प्रस्तुत गरेका थिए। उनले वातावरणका कारणले हुने सांस्कृतिक परिवर्तनहरूको अनुभवात्मक (एम्पिरिकल) अध्ययन पनि गरे। संस्कृति र वातावरणबिचको अन्तर्निर्भर सम्बन्धलाई अस्वीकार गर्न सकिँदैन। एम्बरले आफ्नो पुस्तकमा संस्कृति र वातावरणबिच सम्बन्धलाई महत्त्वपूर्ण उदाहरणद्वारा स्पष्ट पारेका छन्। उनीहरू के भन्छन् भने वातावरणले धेरैवटा सांस्कृतिक तत्त्वहरूलाई जन्म दिन्छ (व्यास, इ सं २०१६, पृ-८५)।

सांस्कृतिक पारिस्थितिकीमा जैविक पारिस्थितिकी (बायोलजिकल इकलजी)-का सिद्धान्तहरू लागु हुन्छन्। जैविक पारिस्थितिकीमा जीवजन्तुहरूले कसरी वातावरण अनुसार आफूलाई अनुकूल बनाउँछन् भन्ने कुरो अध्ययन गरिन्छ। यसै आधारमा वातावरणसँग जोडिएको यो मिश्रित विज्ञान सांस्कृतिक पारिस्थितिकीको आधार बन्न आउँछ। उदाहरणका निम्ति विभिन्न संस्कृतिहरूमध्ये भौतिक लोक-संस्कृति र प्रकृतिबिच सबैभन्दा नजिकको सम्बन्ध रहिआएको पाइन्छ। लत्ताकपडा, गहना, खाना, आवास उपकरण जस्ता भौतिक वस्तुहरू प्रकृतिले नै प्रदान गर्दछ। मानवलाई चाहिने खाना, कपडा, आश्रय र उपकरणका लागि सबै काँचा पदार्थहरू प्राकृतिक उत्पादनमा निर्भर हुन्छन्। यसैले लोकसांस्कृतिक अध्ययन गर्दा प्रकृतिभन्दा टाढा मानिसको कुनै अस्तित्व छैन भन्ने देखिन्छ जसद्वारा लोकजीवन निरन्तर प्रकृतिको समीपमा रहेको हुन्छ भन्ने बुझ्नु पर्दछ। प्रकृतिसँगको नित्य संसर्गले गर्दा यसका केही रहस्य, ऋतु परिवर्तन चक्र, हाम्रा चाडपर्व, व्रतपूजन जस्ता भावनाको सोझो सम्बन्ध लोकजीवनसँग हुन्छ। मानिसले त्यसै अनुरूपको संस्कृति निर्माण गरिरहेका हुन्छन्। यस कारण कुनै पनि ठाउँको लोकजीवन त्यस ठाउँको वातावरणको परिणाम स्वरूप निर्मित हुन्छ। पर्यावरणले नै लोकजीवन र तिनको संस्कृतिमा पनि भिन्नता ल्याउने गर्छ। चूडामणि बन्धु अनुसार 'त्यस्तो भिन्नता खेतीपाती, खानपान, वेशभूषा आदिमा मात्र होइन रहनसहन, रीतिथिति आदिमा पनि देख्न पाइन्छ (बन्धु, वि सं २०६०, पृ-१९)।'

प्रकृति र लोक-संस्कृतिको सम्बन्ध जति प्रगाढ छ त्यति नै पारिस्थितिकी सन्तुलनमा लोक-संस्कृतिको बलियो भूमिका छ। हिन्दू संस्कारमा खोलानाला, नदी, देउराली, वृक्ष, सूर्य, वायु, जल, घरती, पशुप्राणी आदिलाई देवी देवताका प्रतीकात्मक स्वरूप मानेर पूजा अर्चना गर्ने परम्परा र विश्वास छ। यी परम्परा र विश्वास धार्मिक कारणले मात्र नभई प्रकृतिप्रतिको आदर र सद्भावना पनि हो। 'कुनै ठाउँमा भएका रूखपात ढुङ्गा, माटो, पशुपक्षी र किरा-फटेङ्ग्राले समेत वातावरणमा सन्तुलन ल्याएका हुन्छन् (बन्धु, वि सं २०६०, पृ-१९)।' यसको संरक्षणमा लोक-संस्कृतिले योगदान दिएको देखिन्छ। सुब्बा अनुसार विश्वमा यस्तो कुनै ठाउँ छैन जहाँ लोक होस् अनि उसको संस्कृति नहोस्। त्यसैले संस्कृतिलाई वहन गर्ने लोक प्रकृतिसँग सम्बन्धित हुँदछ। अर्का शब्दमा भन्नु पर्दा संस्कृति र प्रकृति एकाअर्काका परिपूरक हुन्। प्रकृति र संस्कृतिको अभिन्न सम्बन्ध इबराका कथामा पाइन्छन्।

## ४ इन्द्रबहादुर राईका कथामा प्रयुक्त नेपाली लोकजीवन र पारिस्थितिकी

नेपाली लोकजीवन र पारिस्थितिकीबिच गहिरो सम्बन्ध रहेको छ। भारत राष्ट्र विविध भू आकृति, जलवायु र जैविक विविधता भएको देश हो र यिनै प्राकृतिक परिवेशले नेपाली लोकजीवनका शैली, संस्कृति र मूल्य प्रणालीलाई आकार दिएको छ। इबराका कथाका पात्र चियाबारी, खेतीपाती, पशु पालन, वनस्रोत, नदी तथा मौसममाथि निर्भर छन्। नेपाली लोक जीवनमा प्रचलित देवी देवता र वनस्पति, हिमाल, खोलानदीको पूजा आदि वर्णित कथाका दृष्टान्तले पारिस्थितिक तत्त्वहरू वर्षा, खेती, पशु र वातावरणसँग सम्बन्धित जनविश्वास र व्यवहार दर्साउँछन्। उनका ‘रातभरि हुरी चल्यो’, ‘जार भएको एउटा कथा’, ‘जगत र सावित्रीको कथा’, ‘जन्ती, कठपुतलीको मन’ आदि कथाहरूमा पात्र वातावरणसँग सम्बन्धित परम्परित विश्वास साथै व्यवहारले प्रभावित पारेको देख्न सकिन्छ।

इबराका कथाका लोकले बिरुवा रोप्ने, पानीको संरक्षण गर्ने, धारा/पँधेराको व्यवस्थापन गर्ने, सामुदायिक वन संरक्षण जस्ता अभ्यासहरूले पारिस्थितिक सन्तुलन कायम गर्न योगदान दिएको देख्न सकिन्छ। ‘एउटा दिनको सामान्यता’ कथामा कथक र माया पात्रबिच भएको संवादबाट सो कुराको पुष्टि हुन्छ –

“बिरुवा त रोप्यो तर चाँपको बिरुवा ल्याइदिएछौ जादा।”

“नफुल्ने चाँप पनि छ, त्यसको हुन्छ घाँस।”

“तुसारेहरू थुप्रै यै बेला कलम काट्दै सार्नुपर्ने। सर्छ होइन?”

“अट्ठाइस झ्याङ परेङ छ। त्यो मसिनो फिरफिरे पात भएको पोहोर ल्याएकोसँग उन्नतीस। हाम्रो कतिवटा छ?”,

“त्यो सर्यो र?”

“किन सरेन”,

“राम्रो राम्रो धूपीहरू सोरेको छु मैले।”

“त्यहाँ पर नस्पातीको बोट ठूलो भएको छ; उ: त्यो बेल आघौं सालदेखि फल्छ; ठूलो खाल्को किम्बू उ: त्यो कसैलाई काट्न नदिनु।”

लोकविश्वासमा रुख, वनस्पति, जलस्रोतलाई देवीदेवतासँग जोडेर सम्मान गर्ने चलनले पनि पारिस्थितिकी संरक्षणमा महत्त्वपूर्ण भूमिका राखेको दृष्टान्त इबराका कथामा पाउन सकिन्छ। ‘जन्ती’ कथा यस दृष्टिले उल्लेखनीय कथामा पर्दछ। कथामा पात्रले देउरालीमा ढुङ्गा चढाएको, देउरालीको पूजा गरेको, रङ्गीत नदीमा डोले पैसा चढाउँदै मनमनै पुकारेको, केराका पातमा रगत थापेर जोखाना हेरेको आदि विवरण उदाहरण हुन्। इबराका कथामा प्रयुक्त नेपाली लोकजीवन र पारिस्थितिकी परस्परमाथि निर्भर छन्। पारिस्थितिक सन्तुलनले लोकजीवनलाई जीवन्त बनाउन सकेको देख्न सकिन्छ, लोकजीवनमा पाइने परम्परागत ज्ञानले पारिस्थितिकीलाई जोगाउने काम गरेको छ भन्न सकिन्छ। लोकजीवनको रहनसहन, संस्कृति र परम्पराले प्राकृतिक वातावरणसँग मेल राखेका प्रशस्त उदाहरण इबराका कथामा पाइन्छन्। दृष्टान्तका लागि ‘जार भएकै एउटा कथा’-मा पाइने विवरण यस प्रकार छ – “यहाँ जङ्गलमा अक्षता-टीका छैन, तर यै दूबो लाइदिएर म तिमीहरूलाई लोग्ने-स्वास्नी बनाइदिन्छु।” इबराका कथामा मानव र प्रकृतिबिचको सम्बन्ध परस्पर सहअस्तित्वमा आधारित रहेको देखापर्छ। कथामा प्रकृति लाभ वा शोषणमाथि होइन, संरक्षण र साझा अस्तित्वमा निर्भर रहेको विचार पाइन्छ र त्यसैमा बल पनि दिइएको छ। ‘रातभरि हुरी चल्यो’ कथामा उद्धृत विवरणले यसको पुष्टि गर्छ – “आपद विपद जहीँ पनि छ। हो, हुरीले बिगाऱ्यो तर अब ठीक बनाइहाल्छौँ, कुनै नसकिने काम होइन त्यति गर्न। आफ्नो घर छ। गोठ छ, गोठमा गाईहरू छ, बारी छ, बारीमा तीस - चालीस झ्याङ बाँसहरूको छ, गगून र नेभारोका रूखहरू छन्, काँक्राको लहरा आकाशतिर जाँदैछ...हुरीले कति पो बिगार्न सक्छ र? इ: अब गएर बनाइहाल्नुपर्छ...।”

यसरी इबराका कथामा प्राकृतिक स्रोतमा आधारित जीवनशैलीको वर्णन पाइन्छ। पात्रहरू ग्रामीण कृषिप्रधान समाजबाट नै टिपिएका छन्। वन, पानी, माटो, पशु आदि स्रोतहरूमा ती पात्रका जीवनको आधार छ भन्ने बुझिएको छ।

## ५ इन्द्रबहादुर राईका कथामा लोक आस्था र पर्यावरण

लोक आस्था भन्नाले लोकजीवनमा प्रचलित धार्मिक विश्वास, परम्परा र संस्कार भन्ने बुझिन्छ जुन पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको हुन्छ। नेपाली लोकजीवनमा लोक आस्थाको गहिरो जरो छ र यी आस्थाहरू प्रायः प्रकृति र वातावरणसँग नजिक रहेका छन्। यस कारण लोक आस्था वातावरण संरक्षणको एउटा प्रभावकारी माध्यम पनि बन्न पुगेको छ।

इबराका कथामा नेपाली लोकजीवनमा वनस्पति, नदी, हिमाल जस्ता प्राकृतिक वस्तुहरूलाई देवता वा देवीका रूपमा पूज्ने परम्परा रहेको चित्रणले बताउँदछ। हिमाललाई हात जोर्नु, देवीथानलाई बाटैदेखि जम्ले हात गर्नु, बर-पिपलको रुख देववृक्ष स्वरूप उल्लिखित हुनु, टिस्टा, रङ्गीतजस्ता जलाशयलाई पवित्र तीर्थ मान्नु अनि पैसा चढाउनु, वा नदीलाई माताका रूपमा सम्मान गर्नु साथै ‘जार भएको एउटा कथा’-मा वर्णित यस प्रसङ्ग समेतले प्राकृतिक सम्पदाप्रति श्रद्धा उत्पन्न गराउँछन्- ‘भन्दाभन्दै दूधजस्तो सेतो पगरी गुँथेको किरातीले जम्लेहात गरेर हिमालतिर हेरे।’ त्यस्तै ‘जन्ती’ कथामा जङ्गलबिच रहेको देउराली, ‘कठपुतलीको मन’-मा बाटामाथि रहेको देवीथान आदि स्थानहरूलाई पूजाआजा गर्ने चलनले ती स्थानहरूलाई सुरक्षित राख्न र नष्ट हुनबाट जोगाउन सहयोग पुऱ्याएको मान्न सकिन्छ। यसले जैविक विविधताको संरक्षणमा भूमिका खेलेको छ भन्ने स्वीकार गर्न सकिन्छ। इबराका कथामा लोक आस्था र पर्यावरणबिच गहिरो सम्बन्ध रहेको पाइन्छ। यस्ता आस्थाहरूले पात्रलाई नैतिक र भावनात्मक रूपमा प्रकृति संरक्षणमा जोड्ने काम गरेका छन्।

## ६ इन्द्रबहादुर राईका कथामा पाइने प्रकृतिसँग सम्बन्धित लोक मान्यता

इबराका कथामा पात्रहरूको प्रकृतिसँग गहिरो सम्बन्ध रहेका प्रचलित लोक मान्यताहरूको उपयोग भएको छ जसले पात्रका जीवनमा आस्था, संस्कार र व्यवहारलाई निर्देशित गर्ने काम गरेको छ। यस्ता मान्यताहरूले केवल धार्मिक र सांस्कृतिक मूल्य मात्र नभई प्राकृतिक स्रोतहरूको संरक्षणमा पनि महत्त्वपूर्ण भूमिका खेलेका छन्। ‘एउटा विचारको यात्रापथ’ कथाबाहेकका प्रायः कथामा रुख काट्न निषेध गरिएको छ साथै वृक्ष रोपनको काम गरिएको छ, जसले ती वृक्षहरूको संरक्षणमा सहयोग पुऱ्याएको छ। नदी, ताल, पोखरीलाई पवित्र स्थल मानिन्छ। कथामा टिस्टा, रङ्गीत, योगमाई जस्ता नदीहरूको उल्लेख भएको र त्यस नदीप्रतिका आस्थाले शुभ हुने विश्वास गरिएको छ। यसले पानी स्रोतप्रतिको श्रद्धा बढाउँछ। ‘जन्ती’, ‘कठपुतलीको मन’ आदि कथामा देउराली, सिम र रुखमुनिका थानहरूमा देवता बस्ने विश्वास व्यक्त गरिएको छ जसका कारण त्यस्ता स्थानहरू सुरक्षित रहन्छन्। ‘जन्ती’ कथामा बुङ्थिङले नयाँ बेहुला-बेहुलीको देउरालीलाई साक्षी राखेर हेरेको जोखानाको प्रसङ्गमा धामीझाँक्री संस्कृतिमा वनप्रतिको आस्था र वनलाई पवित्र स्थान मानिने विषय प्रस्तुत भएको छ भने उनका ‘हामी जस्तै मैनाकी आमा’ जस्ता कथामा दार्जिलिङको वनजङ्गल जडीबुटीका भण्डार हुने ठाउँ रहेको भन्ने भनाइले साथै ‘जार भएको एउटा कथा’, ‘भागी’ लगायतका कथाहरूमा प्रयुक्त पात्रहरूको लोक औषधिको प्रयोग प्रचलनले कतै न कतै वन जङ्गल मास्नु हुँदैन। यसमा हाम्रा दैनिक जीवनमा चाहिने लोक औषधिका भण्डार छन् भन्ने विचार व्यक्त भएको पाइन्छ।

माथिका यी पात्रले निर्वाह गरेका लोक मान्यताहरूले प्रकृति संरक्षण, जैविक विविधता र वातावरणीय सन्तुलनमा सकारात्मक प्रभाव पारेका छन्। यद्यपि इबराका कथामा आरा काटेको, जङ्गल फडानी गरेको, डढेलो लगाएको आदि वन विनाशको प्रसङ्ग, वन्य प्राणीको सिकार गरेको, अनेक थोक विषादि लगाएर तरकारी उब्जाउ

गरी माटोको उर्वर शक्ति क्षीण पार्दै लगेको र कतिपय कथामा प्रकृतिको विद्रूप पक्षको वर्णन समेत गरिएको पाइन्छ। 'भागी', 'जार भएको एउटा कथा', 'पद्मको कथा', 'एउटा विचारको यात्रा पथ' जस्ता कथामा पर्यावरणमा असन्तुलन आउन सक्ने र प्रकृति असुरक्षित बन्दै गएका दृष्टान्तहरू पाउन सकिन्छ। उनको मिथक मात्र कथामा 'आँखाले खोज्दा पानीको वासनै मरेको थियो।' भनाइले पर्यावरणमा शनैः असन्तुलन देखापरेको बोध भएको छ। यसो भए पनि इबराका अन्य कथामा पाइने प्रकृतिसँग सम्बन्धित नेपाली लोक मान्यताहरूले जनमानसमा वातावरणप्रतिको श्रद्धा र उत्तरदायित्वको भावना विकास गर्न अवश्यै योगदान गरेको छ। इबराका पात्रहरूको प्रकृतिसँग आत्मीय सम्बन्ध रहेका पाइन्छन्। पात्रले वृक्षको संरक्षण गरेर प्रकृतिको प्रकोपबाट आफूलाई जोगाउन खोजेका छन्। यसरी हेर्दा, इबराका कथामा संस्कृतिबाट वातावरणसँगको सम्बन्ध स्थापित गर्ने महत्त्वपूर्ण काम भएको देखिन्छ।

## ७ निष्कर्ष

इन्द्रबहादुर राईका कथाहरूमा पर्यावरण सन्तुलन र लोक संस्कृतिको सम्बन्ध अत्यन्तै सजीव रूपमा चित्रण भएको छ। प्रस्तुत अध्ययनबाट यथार्थमा यिनका कथाहरू केवल साहित्यिक मनोरञ्जन वा अभिव्यक्तिका माध्यम मात्र नभई पर्यावरणीय चेतना र सांस्कृतिक उत्तरदायित्व वहन गर्ने महत्वपूर्ण साधन पनि भएको पुष्टि हुन्छ। इबराका कथाका पात्रहरू ग्रामीण परिवेशबाट लिइएका छन् जसले प्राकृतिक स्रोतहरूमा आधारित जीवनशैली अँगालेका छन्। ती पात्रहरूको आस्था, विश्वास र व्यवहारमा देखिने पर्यावरण प्रेम तथा संरक्षणका भावहरूले लोक संस्कृति र प्रकृतिबिचको गहिरो सम्बन्ध प्रस्तुत गरेको छ। नदी, जङ्गल, रुख, देउराली, देवीथान जस्ता स्थानहरूप्रति देखाइएको श्रद्धा, पूजा तथा लोक परम्पराको पालना पर्यावरणीय सन्तुलन कायम गर्ने परम्परागत ज्ञानको अमूर्त स्वरूपमा आएको छ। इबराका कथामा प्राकृतिक स्रोतहरूको उपयोगभन्दा संरक्षणमा बढी जोड दिइएको पाइन्छ। पात्रहरूका संवाद, जीवनशैली र कथावस्तुमा प्रकृतिप्रतिको संवेदनशीलता, सहअस्तित्वको भावना र पारिस्थितिक सन्तुलनप्रतिको प्रतिबद्धता स्पष्ट देखिन्छ। यद्यपि कतिपय कथामा प्रकृति विनाश, शोषण तथा असन्तुलनका सङ्केतहरू पनि प्रस्तुत भएका छन्, ती पक्षहरू भविष्यको चेतावनीस्वरूप कथामा प्रस्तुत छन् भन्ने बुझ्न सकिन्छ। यसरी इबराका विवेच्य कथाहरू लोकसंस्कृतिका माध्यमबाट पर्यावरण सन्तुलनको महत्त्व र त्यसका संरक्षणमा लोक परम्पराले खेलेको भूमिका सशक्त ढङ्गले प्रस्तुत गर्ने सफल उदाहरण हुन्। आजको पर्यावरणीय सङ्कटका सन्दर्भमा यस्ता साहित्यिक कृतिहरूले जनमानसमा चेतना फैलाउन, सांस्कृतिक उत्तराधिकार जोगाउन योगदान पुऱ्याउन सहयोग गर्ने छ। यसर्थ इबराका कथाहरू लोक संस्कृतिको मूल्य र पर्यावरणीय चेतनाको समन्वयद्वारा आजका सन्दर्भमा अझ बढी सान्दर्भिक र प्रेरणादायी बन्न पुगेका छन्।

## सन्दर्भ


१ एटम नेत्र, वि सं २०७०, **अन्तर्विषयक नेपाली समालोचना**, काठमाडौँ, एकता बुक्स् डिस्ट्रिब्युटर्स

२ खत्री प्रेमकुमार, वि सं २०५०, **नेपाली समाज र संस्कृति**, तेस्रो संस्करण, काठमाडौं, पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय

३ गिरी जीवेन्द्र देव (सम्पा), वि सं २०७२, **नेपाली लोकवार्ता**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

४ गुरुङ एम एम, इ सं १९८३, **बिर्सिएको संस्कृति**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन

५ ग्यारेट ग्रेज, इ सं २००७, **इकोक्रिटिसिजम**, रुटलेज, न्यु योर्क

६ चामलिङ पवन कुमार 'किरण' र अन्य (सम्पा), इ सं १९९९, **निर्माण संस्कृति विशेषाङ्क**, सिक्किम, निर्माण प्रकाशन

७ डुन्डस एलन, इ सं १९८०, **इन्टरप्रेटिङ फोकलोर**, युनाइटड स्टेट्स अफ अमेरिका, अमेरिकन युनिभर्सिटी प्रेस
८ बन्धु चूडामणि, वि सं २०६०, **नेपाली साहित्यको इतिहास**, प्रथम खण्ड, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
९ राई इन्द्रबहादुर, इ सं १९७१, **विपना कतिपय**, दोस्रो संस्करण, दार्जिलिङ, श्याम ब्रदर्स
१० राई इन्द्रबहादुर, इ सं १९७२, **कथास्था**, दार्जिलिङ, श्याम ब्रदर्स
११ राई इन्द्रबहादुर, इ सं १९८९, **कठपुतलीको मन**, कलकत्ता, श्रीमती इन्द्र प्रधान
१२ व्यास अरूणा, इ सं २०१६, **लोक-संस्कृति, समाज एवं पारिस्थितिकी संतुलन**, राजस्थान, राजस्थान हिन्दी ग्रन्थ अकादमी
१३ सुब्बा देवचन्द्र, इ सं २०२४, **नेपाली कवितामा परिवेश**, कालेबुङ, उपमा प्रकाशन